मर्चवारी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय रायपुर, रुपन्देही

# मर्चवार आदर्श बहुमुखी क्याम्पस (ओडवलिया) अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन गर्न बनेको कार्यविधि २०७८

(पहिलो संशोधन २०८१/०३/१०)

CamScanner

मर्चवारी गाउँपालिका

मिति: २०७८/११/३०

रायपुर, रुपन्देही, लुम्बिनी, प्रदेश, नेपाल

स्थानीय सरकार

**मर्चवार आदर्श बहुमुखी क्याम्पस (ओडवलिया) अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन गर्न बनेको कार्यविधी २०७८**

**(पहिलो संशोधन २०८१/०३/१०)**

प्रस्तावना: राष्ट्रिय विकासका लागि मर्चवारी गाउँपालिका अन्तर्गतका उच्च शिक्षा प्राप्त गर्ने विद्यार्थीका लागि गुणस्तरीय शिक्षाद्वारा यस क्षेत्रमा आवश्यक पुर्ने दक्ष, योग्य, सिपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई घरदैलोमै सर्वसुलभ उच्च शिक्षा प्रदान गर्न सभा संघिय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्था अनुरुप जनताको सदाचार, मिति २०७८/११/३० गते शिष्टाचार र नैतिकता कायम राख्न यस मर्चवारी गाउँपालिका क्षेत्रभित्र संचालित क्याम्पसको शैक्षिक व्यवस्थापनमा टेवा पुर्याउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ एवं नेपालको संविधानको मर्म अनुरुप अर्को व्यवस्था नभएसम्मका लागि गाउँ कार्यपालिकाले यो क्याम्पस अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०७८ (पहिलो संशोधन २०८१/०३/१०) लागु गरिएको

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः**

क। यो कार्यबिधिको नाम मर्चवार आदर्श बहुमुखी क्याम्पस (ओडवलिया) अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि, २०७८ (पहिलो संशोधन २०८१/०३/१०) रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

ग) यो कार्यविधि मर्चवारी गाउँपालिकामा संचालित सरकारी/सामुदायिक क्याम्पसलाई मात्र लागु हुने छ ।

**२. परिभाषा विषय बा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) "कार्यविधि" भन्नाले मर्चवारी गाउँपालिकाको मर्चवार आदर्श बहुमुखी क्याम्पस (ओडवलिया) अनुदान तथा व्यवस्थापन कार्यविधि, २०७८ (पहिलो शंसोधन २०८१/०३/१०)सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले मर्चवारी गाउँपालिकालाई सम्झनुपर्दछ।

ग) गाउँ सभा" भन्नाले मर्चवारी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

गया प्रसाद तराई
गाउँपालिका

घ) "गाउँकार्यपालिका" भन्नाले मर्चवारी गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

ङ) "प्रमुख" भन्नाले मर्चवारी गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

च) क्याम्पस" भन्नाले मर्चवार आदर्श बहुमुखी क्याम्पस (ओडवलिया) लाई सम्झनु पर्दछ ।

छ) "सरकारी तथा सामुदायिक क्याम्पस" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा न कमाउने प्रकृति को नेपाल सरकार र मर्चवारी गाउँपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरि अनुमति वा स्वीकृति प्राप्त क्याम्पस सम्झनुपर्दछ ।

ज) "उच्च शिक्षा" भन्नाले माध्यमिक शिक्षा कक्षा १२ उत्तीर्ण गरे पश्चात लिइने उच्च शिक्षा सम्झनु पर्दछ ।

झ) उप प्राध्यापक तथा सहायक प्राध्यापक भन्नाले सामुदायिक क्याम्पसमा अध्यापनरत क्याम्पसबाट तथा संचालक समितिबाट प्रचलित कनुन बमोजिम नियुक्त गरिएको शिक्षक सम्झनुपर्दछ ।

ञ) "अस्थायी सहायक प्राध्यापक" सरकारी तथा सामुदायिक क्याम्पसमा अध्यापनरत विश्वविद्यालय तथा क्याम्पस संचालक समितिबाट प्रचलित कानुन बमोजिम अस्थायी एव करार भनि नियुक्त गरिएका शिक्षक सम्झनुपर्दछ।

ट) कर्मचारी" भन्नाले सामुदायिक क्याम्पसमा अध्यापनरत विश्वविद्यालय तथा क्याम्पस संचालक समितिबाट प्रचलित कानुन बमोजिम नियुक्त गरिएका कर्मचारी सम्झनुपर्दछ।

ठ) समिति भन्नाले क्याम्पस संचालन समिति सम्झनुपर्दछ ।

ड) "क्याम्पस प्रमुख" भन्नाले क्याम्पस संचालन समिति वा प्रशासनिक कामकाज समेत गर्ने गरि नियुक्त गरिएको उप प्राध्यापक/शिक्षक सम्झनुपर्दछ ।

## परिच्छेद २

### अनुदानको उद्देश्य

क) क्याम्पसमा नेपाल सरकार तथा विश्वविद्यालयबाट कुनै पनि प्रकारको तलब, सेवा सुविधा नपाइरहेका क्याम्पसको आन्तरीक श्रोतबाट मात्र न्यून पारिश्रमिकमा कार्यरत उपप्राध्यापक, सहायक प्राध्यापक, प्रशिक्षक तथा कर्मचारीहरुलाई प्रोत्साहित गर्ने ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

CamScanner

ख) क्याम्पसको संरचनात्मक तथा उच्च शिक्षाको शैक्षिक गुणस्तर सुधार गर्ने क्रियाकलाप सञ्चालनमा सहयोग गर्ने

ग) क्याम्पसबाट प्रदान गरिने सेवा लाई प्रभावकारी, जनमुखी तथा भरपर्दो तुल्याउन सहयोग गर्ने ।

घ) स्थानिय स्तर एवं घरदैलोमै उच्च शिक्षा प्राप्त गर्न चाहने युवाको चाहनालाई साकार पुर्याउन सहयोग गर्ने ।

## परिच्छेद ३

### ३) अनुदान दिन सकिने क्षेत्रहरु:

१) यस गाउँपालिकाद्वारा योजना खुलाई तोकेको बाहेक अनुदान शिर्षकमा प्रदान गरिएको रकम देहाय बमोजिमका शिर्षकमा खर्च गर्न सकिने छ ।

क। नेपाल सरकार तथा विश्वविद्यालयबाट कुनै अनुदान नपाउने र हाल क्याम्पसको आन्तरिक श्रोतबाट मात्र न्यून पारिश्रमीक पाईरहेका उप- प्राध्यापक / सहायक प्राध्यापक र प्रशिक्षक तलब भत्ता ।

ख। नेपाल सरकार तथा विश्वविद्यालयबाट कुनै अनुदान नपाउने र हाल क्याम्पसको आन्तरिक श्रोतबाट मात्र न्यून पारिश्रमीक पाईरहेका कर्मचारीको तलब भत्ता ।

ग) शैक्षिक सामग्री व्यवस्थापन ।

घ) शैक्षिक गतिविधी सञ्चालन कार्यक्रम ।

२। उपदफा १ मा जुनसकै कुरा लेखिएको भएतापनि गाउँकार्यपालिका वा गाउसभाबाट माथि उल्लेखित मध्ये कुनै शिर्षकमा तोकेर विनियोजन गरेको खण्डमा सोही शिर्षकमा मात्र खर्च गर्नुपर्नेछ ।

## परिच्छेद ४

### अनुदान तथा सहायता रकम निकासा तथा कार्यान्वयन प्रकृया:

क) यस कार्यविधि बमोजिम उपलब्ध गराउने अनुदान रकम कार्यपालिका तथा सभाबाट निर्णय पारित गरी तोकिए बमोजिम हुनेछ ।

ख) अनुदान प्राप्त गर्ने क्याम्पसले अनुदान कुन कुन शिर्षकमा माग गर्ने हो सोको प्रस्तावना क्याम्पस व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिकामा पेस गर्नुपर्नेछ ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

CamScanner

ग) अनुदान रकम क्याम्पसको खातामा निकासा दिइनेछ।

घ) गाउँपालिकाले तलब भत्ता बापत उपलब्ध गराईएको अनुदान क्याम्पसले बैंक मार्फत सम्बन्धित प्राध्यापक या कर्मचारीको बैंक खातामा वा तलबी भरपाई, नगद मार्फत भुक्तानी दिनुपर्नेछ ।

ङ) अनुदान रकम पेश्कीको रुपमा दिन सकिने छ ।

च) तलब भत्ता बापत अनुदानको हकमा नेपाल सरकार तथा विश्वविद्यालयबाट कुनै पनि तलब, सेवा सुविधा प्राप्त गरेको भएपनि कार्यबोझ हुने भएकोले अनुदान उपलब्ध गराइनेछ ।
माथी क देखि छ सम्म जुनसुकै कुरा लेखिएको भए तापनि क्याम्पसमा कार्यरत उप-प्राध्यापक, सहायक प्रध्यापक वा कर्मचारीको बार्षिक तलब भत्ता अपुग भएमा क्याम्पस आफैले अपुग रकम बेहोर्नुपर्ने छ ।गाउँपालिकाले देहाय बमोजिमका आधारमा क्याम्पसलाई दिईने अनुदान रकम वर्षेपिच्छे फरक फरक हुन सक्ने छ ।

क) गाउँपालिकाको आन्तरिक आम्दानी
ख) गाउँपालिकाको बार्षिक बजेटको आकार
घ) अनुदानको आवश्यकता औचित्यता र प्रभावकारीता

## परिच्छेद-५

**विविध:**

**६. लेखापरीक्षण सम्बन्धी व्यवस्था :**

क्याम्पसलाई निकासा भएको रकमको लेखापरीक्षण क्याम्पसको हकमा क्याम्पस विश्वविद्यालयको विनियम बमोजिम तथा गाउँपालिकाको हकमा प्रचलित आर्थिक, सम्बन्धी ऐन तथा नियमावली बमोजिम हुनेछ ।

**७. अनुगमन सम्बन्धी व्यवस्था:**

क) यस कार्यविधि बमोजिम निकासा भएको रकमवाट तोकिए बमोजिम कार्य भए नभएको सम्बन्धमा गाउँपालिकाबाट अनुगमन हुनेछ । अनुगमनको क्रममा तोकिएको सम्बन्धित शीर्षकमा खर्च नभएको पाइएमा गाउँपालिकाले अनुदानकट्टी गरी भुक्तानी भएको अनुदान असुल गर्न सक्नेछ ।

ख) गाउँपालिकाबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा अनुदान रकमबाट तोकिएको कार्य नभएको पाईएमा गाउँपालिकाले तोकिएको कार्य सम्पन्न गर्न समिति वा क्याम्पस प्रमुखलाई निर्देशन गर्न सक्नेछ ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

CamScanner

ग) गाउँपालिकाले दिएको निर्देशन पालना गर्नु सम्बन्धित क्याम्पस संचालक समिति वा क्याम्पस प्रमुखको कर्तव्य हुने छ ।

घ) खण्ड (ग) बमोजिम निर्देशन पालना नगर्नेलाई कानुन बमोजिम कारवाही गर्ने वा कारबाही गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सकिनेछ ।

**८. संशोधन तथा परिमार्जन:**

क) गाउँपालिकाले क्याम्पस अनुदान रकम व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि २०७८ (पहिलो शंसोधन २०८१/०३/१०) लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार गाउँकार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**९) बचाउ तथा खारेजी:**

क) यो कार्यविधी गाउँकार्यपालिकाबाट आवश्यकता अनुसार परिमार्जन/संशोधन वा खारेजी हुन सक्नेछ ।

गया प्रसाद हरई
गाउँपालिका अध्यक्ष